मितिः २०८२/०८/२१
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | [signature] |
| २ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ३ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | [signature] |
| ४ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | [signature] |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | [signature] |
| ६ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | [signature] |
| ७ | श्री रोशन पोखरेल | सहायक कम्प्युटर अधिकृत | [signature] |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | [signature] |
| ९ | श्री सन्दीप तिवारी | इञ्जिनियर | [signature] |

## प्रस्तावः-

१. फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

२. नागार्जुन नगरपालिकाको खरिद योजना स्वीकृत सम्बन्धमा ।

३. नगर प्रहरी व्यवस्थापन सम्बन्धमा ।

४. आयुर्वेद भवन व्यवस्थापन सम्बन्धमा ।

५. स्वास्थ्य बिमा सम्बन्धमा ।

६. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८२/०८/०१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिका फोहरमैला व्यवस्थापन ऐन, २०८२ | पारित गर्ने |
| २. | नागार्जुनको फोहरमैला संकलन तथा ढुवानी सम्बन्धी कार्यविधि, २०८२ | |

**निर्णय नं. ३**

नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार संलग्न खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकाको आवश्यक पर्ने २ वटा इलेक्ट्रिक गाडि खरिद गर्नको लागि सडक विभाग अन्तर्गत हेभि इकुप्मेन्टलाई स्पेशिफिकेशन तयार गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नागार्जुन नगरपालिकाको नगर प्रहरीको ड्रेस कोड निर्धारण सम्बन्धमा छलफल गर्दा नागार्जुन नगरपालिकाको नगर प्रहरीको ड्रेस कोड हरियो रङ्गको निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नागार्जुन नगरपालिकाको नगर प्रहरीको तालिम खर्च अनुमोदन सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको नगर प्रहरीहरूको तालिम सञ्चालनको लागि निलवाराही गण, किर्तिपुरले पेश गरेको प्रस्ताव रू.४,९७६८९/- (चार लाख सन्तानब्बे हजार छ सय उनान्नब्बे रूपैंया) स्वीकृत गरी यस नगरपालिकाको नगर प्रहरी व्यवस्थापन शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो । साथै निजहरूको ड्रेसको कपडा तथा सिलाई र अन्य सामाग्रीहरूको खर्च बिल बमोजिमको रकम यस नगरपालिका नगर प्रहरी व्यवस्थापन शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ६४, मिति २०८२/०८/०९ गतेको पत्रबाट आयुर्वेद स्वास्थ्य सेवाहरू जस्तैः पञ्चकर्म सेवा, अक्युपञ्चर, फिजियोथेरापी, प्रयोगशाला परीक्षण, योगसेवा, नसर्ने रोगका निःशुल्क परीक्षण, निःशुल्क तथा सशुल्क औषधि वितरण इत्यादि सेवाहरू सञ्चालनको लागि यस नगरपालिका वडा नं. १ मा शहरी विकास मन्त्रालयबाट शहरी गरिबहरूको लागि निर्मित भवन वा अन्य कुनै पनि खाली रहेको सरकारी भवन उपलब्ध गराउनको लागि माग भई आएको उल्लेखित चिकित्सालयलाई भवन उपयोगको लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ८

मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा यस नगरपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकीहरूको सवारी साधन पूर्ण रूपमा जली नष्ट भएकोले यस नगरपालिकामा रहेका तपसिलमा उल्लेखित मोटरसाइकलहरू निम्न प्रहरी वृत्तमा हस्तान्तरण गरी प्रहरी वृत्तको नाममा नामसारी गर्न यातायात व्यवस्था कार्यालयलाई निर्णय गरियो । तपसिलः

| | |
|---|---|
| १. AAC 4056 | प्रहरी वृत्त, स्वयम्भू |
| २. प्रदेश ०३-०२-००१ ब ०१४८ | प्रहरी वृत्त, स्वयम्भू |
| ३. बा २ ब ३५८२ | प्रहरी वृत्त, स्वयम्भू |
| ३. प्रदेश ०३-०२-००१ ब १५६ | प्रहरी वृत्त, कालिमाटी |

निर्णय नं. ९

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

सामाग्रीहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विष्णुदेव धिमे तथा बाँसुरी खल, वडा नं. ३ | धिमे ६ सेट, भुस्या ६ सेट | साँस्कृतिक बाजा खरिद (२२५२२) | स्वीकृत माग फाराम अनुसार |
| २ | श्री हल्चोक आकाश भैरव गुठी, वडा नं. ३ | क्याटरिङ्ग सामाग्री माग | | स्वीकृत माग फाराम अनुसार |

योजना तथा कार्यक्रमहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) | जेन्जी आन्दोलन पश्चात् आदिवासी जनजाति पत्रकारहरूको अवस्था विषयक गोष्ठी | ५०,००० | विविध कार्यक्रम खर्च |
| २ | वडा नं. ५ को सिफारीस | बुद्ध टोल सन्दर बस्ती ढल निकासको व्यवस्थापनको | ९,५०,००० | ढल, पाईप, पानी ट्यांकी खरिद (३११५९) |

निर्णय नं. १०

यस नगरपालिकाबाट सञ्चालन हुने तालिम तथा गोष्ठीमा सहभागी हुने प्रति सहभागीहरूलाई यातायात खर्च स्वरूप रकम रू.५००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

दरवन्दी भित्र रही करार सेवामा कार्यरत कर्मचारीहरूलाई मंहगी भत्ता उपलब्ध गराउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेश नं. 081-WO-1515 बाट फैसला भई पूर्णपाठ समेत आई सकेकोले यस नगरपालिकामा दरवन्दी भित्र रही करार सेवामा कार्यरत कर्मचारीहरूलाई मिति २०८२ साल श्रावण महिनादेखि लागू हुने गरी महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिका क्षेत्रभित्र रहेका ४२ वटा पर्यटकिय एवम् धार्मिक तथा सार्वजनिक स्थानहरूमा निःशुल्क फ्रि वाईफाई जडान गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकामा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री दिनेश दुधराजको निवेदन अनुसार निजले अस्ट्रेलियाको Torrens University मा मास्टर अफ फिलोसफी अध्ययनको लागि Conditional Offer Letter प्राप्त भएकोले सो तहमा अध्ययन प्रक्रिया अगाडि बढाउनको लागि तथा Unconditional Offer Letter प्राप्त गर्नको लागि अध्ययन पूर्व स्वीकृति आवश्यक भएको भनि मिति २०८२/०७/२१ गते निवेदन पेश गरेको हुँदा बागमती प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ५९ को उपदफा १ र ४ बमोजिम मिति 16 February, 2026 देखि 5 December, 2027 तदानुसार २०८२ साल फाल्गुण ४ देखि २०८४ साल मंसिर २० गते सम्म २ (दुई) वर्षको बेतलबी अध्ययन बिदाको पूर्व स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १५

नेपाल नगरपालिका संघको मिति २०८२/०५/१६ गतेको पत्रानुसार सदस्यता शुल्क भुक्तानी सम्बन्धमा लेखि आएकोले यस नगरपालिकाको सदस्य शुल्कवापतको रकम रू.२५,०००/- (पच्चिस हजार) मात्र नेपाल नगरपालिका संघको नाममा यस नगरपालिकाको विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिका अन्तर्गत नगर अस्पताललाई ग्लोबल कोओपरेसन फर डेभलपमेन्ट ललितपुर, नेपालबाट सहयोग स्वरूप प्राप्त थाइराइड, भिटामीन र सुगर लगाएतको परीक्षण गर्ने मेशिन सञ्चालन गर्नको लागि प्रयोगशालामा विशेष तापक्रम कायम राखी छुट्टै राख्नु पर्ने भएको हुँदा र खोप कोल्ड चेन रूमको तापक्रम पनि कायम राख्नु पर्ने भएको र x-ray रूममा पनि फल्स सिलिंग अति आवश्यक भएकोले प्रयोगशालामा र कोल्ड चेन रूममा आल्मुनियमको बार साथै x-ray रूममा फल्स सिलिंग लगाउनको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रू.९९,९७६.६२/- (उनान्सय हजार नौ सय छैहत्तर रूपैया बैसठ्ठी पैसा) मात्र यस नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन, मर्मत संभार, ईन्धन, आर्थिक प्रशासन, बैठक भत्ता आदि खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी उल्लेखित कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिका अन्तर्गत बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेल प्रतियोगितामा सहभागिता जनाउनको लागि आर्थिक सहयोग माग गरी निवेदन पेश गरेकोमा निजहरूलाई एक पटकको लागि यस नगरपालिकाको खेल प्रायोजन तथा खेलकुद व्यवस्थापन (वडा नं. १ देखि १०) शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी निम्न बमोजिमको खेल प्रायोजन उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | मागकर्ताको नाम | रकम रू. | खेल | कैफियत |
|---|---|---|---|---|
| १ | आस्रय उपाध्याय | १५,००० | तेक्वान्डो प्रतियोगिता | वडा नं. २ |
| २ | आयूषा के.सी. | १५,००० | मोटरसाइकल दौड प्रतियोगिता | वडा नं. ३ |
| ३ | अर्चना मानन्धर | १५,००० | पावर लिफिटिङ खेल (श्रीलङ्का) | वडा नं. ६ |
| ४ | मनिका तामाङ्ग | १०,००० | अध्ययन प्रयोजनको लागि | विविध कार्यक्रम खर्च शिर्षकबाट |

निर्णय नं. १८

यस नगरपालिकाको प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन, २०८२ संयोजक श्री सुन्दर बहादुर के.सी., सदस्य महेश रिमाल, सदस्य थुमराज के.सी.ले दिनु भएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

नागार्जुन नगरपालिका वडा नं. ५ को वडा कार्यालय भवन नभएकोले सरकारी प्रति जग्गामा कार्यालय भवन निर्माण गर्नको लागि सोही वडा स्थित साविक सितापाईला गा.वि.स. वडा नं. ५ कित्ता नं. ४२६ सिट नं. १०२१०६१०८ को जग्गामा वडा कार्यालयको भवन निर्माण गर्दा स्थानीय स्तरमा आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय र पर्यावरणीय असर नपर्ने सो स्थान बाहेक अन्यत्र स्थानमा समेत विपद् व्यवस्थापनको लागि खुल्ला क्षेत्र भएकोले श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सरोकारवाला निकायमा जग्गा प्राप्तिको लागि सहमति प्रदान गरिदिनु हुन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

यस नगरपालिका वडा नं. ५ स्थित बसेल टोलमा जडान भएको १६ वटा सि.सि.टि.भि. क्यामरामध्ये १२ वटा क्यामरा विगत १ वर्ष देखि विग्रीएकोमा प्राविधिकको इष्टिमेट अनुसार यस नगरपालिकाको मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा, बागमती प्रदेशबाट यस नगरपालिकामा हस्तान्तरित अनुदान कार्यक्रमलाई सञ्चालन गर्न स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र संघीय बजेट कार्यान्वयन कार्यविधि सञ्चालन गर्न बनेको मापदण्ड, २०८२ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमाणित

२०८२।८।२१